**मिती २०७५ साल जेठ २५ गतेको वीरेन्द्रनगर नगरपालीका नगर कार्यपालिकाको बैठकको निर्णय**

**निर्णय न १:**

वीरेन्द्रनगर नगरपालीकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधी २०७४ को दफा ९ बमोजिम स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारी कुनै शाखा वा इकाइलाई कार्यपालिकाले दिने भन्ने व्यवस्था भएको, सोहि सन्दर्भमा दफा १० मा राजपत्रको सम्पादन कानुन सम्बन्धी विषय हेर्ने शाखा वा इकाइले गर्ने प्रावधान रहेकोमा वर्तमान अवस्थामा नगरपालिकाको कानुन शाखामा जनशक्ति नभएको हुंदा राजपत्र प्रकाशनका लागि काम गर्न प्रशासन शाखालाई जिम्मेवारी दिने र सो को सम्पादनका लागि यस नगरपालिकाका कानुनी सल्लाहकारको राय सल्लाह समेत रहने गरी यसै नगर कार्यपालिका कार्यालयका प्रशासकीय अधिकृत श्री दिपेन सुवेदीलाई जिम्मेवारी दिने ।

**निर्णय नं. २**

नगर स्तरिय र वडा स्तरिय योजनाहरु संचालन गर्न तथा नक्शापासको सम्बन्धमा उक्त शाखाहरुमा कार्यरत कर्मचारीहरु स्थलगत रुपमा गई विहान बेलुकाको समयमा समेत कामकाज गर्नुपर्ने भएकाले यस कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई २०७४ साल चैत्र महिनादेखि २०७५ आषाढ मसान्तसम्म एक पटकका लागि निजहरुबाट सम्पादित कामका आधारमा कन्टिन्जेन्सी रकमबाट खर्च हुने गरी सार्वजनिक सेवा तथा क्षमता विकास समितिको सिफारिस भए बमोजिम निम्नानुसारको प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

**<u>निम्न:</u>**

| क्र.सं. | पद | संख्या | दर (प्रतिमहिना) |
|---|---|---|---|
| १. | ईन्जिनियर | २ | १०००० |
| २. | सव ईन्जिनियर | ३ | ८००० |
| ३. | अ.स.ई. | ५ | ७००० |
| ४. | अमिन | २ | ७००० |
| ५. | खरिदार | १ | ७००० |

**निर्णय नं. ३**

यस नगरपालिकाको सार्वजनिक सेवा तथा क्षमता विकास समिति मार्फत यस कार्यपालिकामा पेश भएको वीरेन्द्रनगर नगरपालिका बजार अनुगमन तथा व्यवस्थापन कार्यविधि २०७४ लाई स्वीकृत गर्ने ।

**निर्णय नं. ४**

विभिन्न वडाबाट चालु आ.व. ०७४।०७५ मा संचालन गर्नुपर्ने योजना तथा कार्यक्रमको नाम र स्थान परिवर्तन एवं संशोधनका लागि माग भई आएको सन्दर्भमा वडा समितिको माग एवं सिफारिसका आधारमा नाम र स्थान परिवर्तन गरि कार्यान्वयन गर्ने र सो को समर्थनका लागि आगामि नगर सभा समक्ष पेश गर्ने ।

**निर्णय नं. ५**

खानेपानी तथा ढल निकास विभागबाट तपशिलका स्थानमा लागत सहभागितामा सार्वजनिक शौचालय निर्माण गर्न योजना स्वीकृत भई आएकोमा यी स्थानमा बन्ने शौचालयहरुमा यस नगरपालिका तथा उपभोक्ताका तर्फबाट लागत सहभागिता गर्ने प्रतिबद्धता व्यक्त गर्दै शौचालय निर्माणको प्रक्रिया अगाडी बढाइदिन खानेपानी तथा ढल निकास विभागलाई अनुरोध गर्ने ।

**तपशिल**

१. वी.न.न.पा. वडा नं. १० देउती बज्यै मन्दिर

२. वी.न.न.पा. वडा नं. ६ पिपल चौतारी

३. वीरेन्द्रचौक, बसपार्क

४. वी.न.न.पा. वडा नं. ५ गणेशचौक

५. खुलाचौर शिक्षा क्याम्पस

६. वी.न.न.पा. वडा नं. ९ स्याग्रीगेसन सेन्टर लाटिकोइली

७. वीरेन्द्रनगर हटिया लाइन बहुआयामिक शौचालय

**निर्णय नं. ६**

चालु आ.व. ०७४।०७५ मा बजेट तथा कार्यक्रम अन्तर्गत आईटीमैत्री विद्यालय निर्माण सम्बन्धी कार्यक्रम परिवर्तन गरि नगरपालिका अन्तर्गतका विद्यालयहरुमा आईटीमैत्री विद्यालयलाई आवश्यक जुनसुकै (चालु वा पुंजिगत) शिर्षकमा समान रुपमा अनुदान दिने र सो को समर्थनका लागि नगर सभा समक्ष पेश गर्ने ।

**निर्णय नं. ७**

यस नगरपालिकाका विभिन्न स्थानहरुमा बर्षातको समयमा डुवान भई धनजनको क्षति समेत हुँदै आएकाले सो को समाधानका लागि छुट्टै बजेट नगरपालिकासँग नभएको हुँदा चालु आ.व. का लागि स्वीकृत सौर्य सडक बत्ती जडान शिर्षकमा रु. ३० लाख र ढल निर्माण तर्फबाट बचत भएको रु. १५ लाख समेत गरि रु. ४५ लाखवाट उल्लेखित स्थानहरुको डुवान व्यवस्थापनका लागि निम्नानुसारका स्थानमा सतह ढल एवं कच्ची नाला निर्माणको कार्य गर्ने र समर्थनका लागि आगामि नगर सभा समक्ष पेश गर्ने ।

१. एरीचोक देखि भुवनेश्वरी पेटोल पम्पसम्म वडा नं. ४

२. राना टोल हरी डिलभुमी स्कुल नजिक वडा नं. ३

३. ठौरी खोला माटो कटि वडा नं. २

४. सञ्चय कोष देखि उत्तर तर्फको सडक नाला वडा नं. ८ (माटोको काम मात्र)

५. तीनकुने चोकदेखि इत्राम खोलासम्मको सडक नाला वडा नं. १२

६. वडा नं. १२ र १३ को बीच नेवारे खोलामा कल्भर्ट

७. शिवालय चोकदेखि खारखोलीसम्म पक्की नाला निर्माण वडा नं. ७

८. चेतानन्द कंडेलको घरदेखि खारखोली सम्मको पानी निकास वडा नं. ७

९. मंगलगढी २ नं. गेटदेखि पूर्व तर्फ ह्युम पाइप वडा नं. ९

**निर्णय नं. ८**

चालु आ.व. ०७४।०७५ को कार्यक्रममा बाल विकासका सहयोगी कार्यकर्ताहरुको क्षमता विकास शिर्षकमा रु. ७ लाख विनियोजन भएकोमा उल्लेखित शिर्षकको रकमलाई कार्यक्रम शिर्षक संशोधन गर्दै प्रत्येक बाल विकास सहयोगी कार्यकर्ताका लागि रु. ५ हजार बराबरको पोशाक अनिवार्य गर्दै पोशाक निर्माण खर्च उपलब्ध गराउने र बचत रकमलाई प्रति बाल विकास केन्द्रलाई रु. २ हजारका दरले शैक्षिक सामाग्री खरिदका लागि अनुदान उपलब्ध गराउने ।

**निर्णय नं. ९**

यस नगरपालिकाको विपद व्यवस्थापन समितिबाट सिफारिस भई आएको वीरेन्द्रनगर नगरपालिका स्तरिय जलवायु अनुकुलन योजना २०७४ लाई पारित गरि कार्यान्वयन गर्ने ।

**निर्णय नं. १०**

वी.न.न.पा. वडा नं. ११ को जग्गा खरिद सम्बन्धमा नगर कार्यपालिकाको कार्यालयले जग्गा खरिदका लागि सूचना आव्हान गरेकोमा सूचना बमोजिम श्री सुरेश बहादुर क्षेत्री, कुल बहादुर खत्री र जगत बहादुर वि.सी. ले आफ्नो वी.न.न.पा. ११ को सयूक्त जग्गा नगरपालिकालाई विक्रि गर्न एक मात्र प्रस्ताव पेश गरेकोमा उक्त जग्गा नगरपालिकाको वडा कार्यालयलाई उपयुक्त देखिएको हुँदा खरिद प्रक्रिया अगाडी बढाउने ।

**निर्णय नं. ११**

वीरेन्द्रनगर नगरपालिकाको व्यवस्थित शहर एवं बजार व्यवस्थापन अभियान २०७४ अनुसार विभिन्न सडक क्षेत्रका अनुमति नलिई बनाईएका संरचनाहरु हटाईएकोमा केहि व्यक्तिहरुले सडकको क्षेत्राधिकार भित्र आफ्नो जग्गामा कच्ची घर एवं संरचना बनाउन अनुमति माग गरेकोमा उल्लेखित स्थानहरुमा अग्र भाग एकै प्रकृतीका घर एवं टहरा बनाउने डिजाइन नक्शा तयार गरि सडक क्षेत्राधिकार छोडी घर एवं टहरा बनाउने अनुमति प्रदान गर्न नगर कार्यपालिकाको कार्यालयलाई जिम्मेवारी प्रदान गर्ने ।

**निर्णय नं. १२**

विभिन्न समयमा भएको बर्षातका कारण डुबान भई क्षति भएको घर (संस्थागत भए क्षतिको आधारमा बढीमा रु. ५ हजार र व्यक्तिगत भए रु. २ हजारसम्म) र अति विपन्न विरामीहरुका लागि चोटपटक र रोगको अवस्था हेरी बढिमा रु. २ हजारसम्म उपचार खर्च स्वरुप आर्थिक सहायता उपलब्ध गराउनका लागि चालु आ.व. को दमकल तथा विपद व्यवस्थापन शिर्षकबाट बढिमा रु. १ लाख ५० हजारसम्म खर्च गर्ने ।

**निर्णय नं. १३**

वी.न.न.पा. वडा नं. ९ स्थित स्याउली बजार देखि शिव मा.वि. जोड्ने सडक र मिलन चोक देखि रहरपुर जोड्ने सडकमा दोहोरो नाला सहित १२ (बाह्र) मिटर सडक अधिकार क्षेत्र कायम गर्ने ।

**निर्णय नं. १४**

वी.न.न.पा. वडा नं. १ मा निर्माणाधिन शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण कार्य अधुरो रहेको सो कार्य गर्न नगरपालिकासँग छुट्टै शिर्षकगत व्यवस्था नभएको हुँदा चालु आ.व. मा ल्याण्डफिल साइट पहुँच मार्ग निर्माण योजनाको टेण्डरबाट घटेको रकमबाट स्वास्थ्य चौकीको निर्माण कार्यमा खर्च गर्ने र समर्थनका लागि आगामि नगर सभामा पेश गर्ने ।

**निर्णय नं. १५**

वीरेन्द्रनगर नगर कार्यपालिकाको स्वमित्वमा रहेका सवारी साधनको प्रयोग र इन्धनका सम्बन्धमा आवश्यक छानविन गरि राय पेश गर्न सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई जिम्मेवारी दिने ।

**निर्णय नं. १६**

सार्वजनिक सेवा तथा क्षमता विकास समितिको मिति २०७५ जेठ १८ गतेको निर्णय नं. २ बाट निर्णय भए बमोजिम यस नगरपालिकाको निर्णयानुसार सहमति दिई यस कार्यालयमा रिक्त स.इ पदमा श्री राजन कुमार तिवारीले २०७४ कार्तिक देखि निजको पदाधिकार रहेको कार्यालय नारायण नगरपालिका दैलेखबाट तलब भत्ता नपाउनु भएकाले हाल कार्य सम्पादन गरिरहेको यसै कार्यालयबाट तलब भत्ता कन्टिन्जेन्सी शिर्षकबाट उपलब्ध गराउने ।